Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

*Ref.*

प्रेस विज्ञप्ति

**आ.ब २०७६/०७७ को बजेट वक्तव्यमा गरिएको घोषणाको गैरआवासीय नेपाली संघद्वारा स्वागतः**

आगामी आर्थिक वर्ष २०७६/०७७ का लागि नेपाल सरकारको बजेट प्रस्तुत गर्नु हुंदै मा. अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले गैरआवासीय नेपालीहरुको संजाल, ज्ञान, सीप, पूंजी र प्रविधिलाई नेपालको आर्थिक सामाजिक विकासमा उपयोग गर्न आकर्षित गरिने घोषणा गर्नु भएको छ । साथै उहांले गैरआवासीय नेपालीहरुले धितोपत्रको दोश्रो बजार मार्फत पनि लगानी गर्न पाउने व्यवस्था गरिने घोषणा गर्नु भएको छ । विगत देखि नै गैरआवासीय नेपाली संघले उठाउंदै आएको नीतिगत सुधारको माग संबोधन हुने घोषणा हुनु गैरआवासीय नेपालीहरुका लागि एक ठूलो सकारात्मक पहल हो र गैरआवासीय नेपाली संघ यसको हार्दिक स्वागत गर्दछ । हाम्रा सुझावहरुलाई केही मात्रामा भए पनि सम्बोधन गरिदिनु भएकोमा हामी सम्पूर्ण गैरआवासीय नेपाली संघ को तर्फबाट माननीय अर्थमन्त्रीज्यू र समस्त अर्थमन्त्रालय परिवारमा हार्दिक धन्यवाद टक्रयांउछौं । गैरआवासीय नेपाली संघले विदेशमा रहेका नेपालीहरुको छरिएर रहेको पूंजीलाई एकीकृत गरी सामूहिक लगानी कोष खडा गर्नका लागि पहल गरिरहेको छ । हाम्रो पहलमा नेपाल सरकारको तर्फबाट सकारात्मक सहयोगका लागि कतिपय नीतिगत विषयहरु संबोधन गर्न सरकारको तर्फबाट सहयोग मिल्ने अपेक्षा हाम्रो छ । समृध्द नेपाल निर्माण तथा नेपाल र नेपालीको हितको पक्षपोषण गर्ने सन्दर्भमा सरकारसंगको सहकार्य र साझेदारी आगामी दिनमा अरु बढ्ने विश्वास पनि संघले लिएको छ ।

भूषण घिमिरे
प्रवक्ता
गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषद

२ जुन २०१९ ।